# स्थानीय राजपत्र

फिक्कल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ४ मितिः २०७८।०२।२१


भागः २

## फिक्कल गाउँपालिका यूवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि, २०७८

**गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७८/०२/२०**

**प्रमाणित मिति २०७८/०२/२१**

आ.ब.२०७७/०७८ मा यस गाउँपालिका भित्र रहेका विभिन्न पेशा व्यवसाय गरि वसेका युवाहरुलाई उक्त कार्य गरेवापत अनुदान वापत केही रकम उपलब्ध गराउन विनियोजन भएको कोष संचालनका लागि तपसिलमा उल्लेखित फिक्कल गाउँपालिका युवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि,२०७८ स्वीकृत गरी लागु गर्ने सर्वसम्वत निर्णय गरियो ।

परिच्छेद १

## प्रस्तावना

**प्रस्तावना**ःस्थानीय श्रोत साधन, सीप र कलाको अधिकतम उपयोग गर्ने र फिक्कल गाउँपालिका भित्र रहेका बेरोजगार जनशक्तिलाई रोजगारी सिर्जना गरि गरिबी निवारण गर्ने र गाउँपालिकामा रहेका यूवा जनशक्तिलाई सिप, तालिम प्रदान गर्दै स्थानीय स्तरमा व्यवसाय संचालन गर्न अनुदान प्रवाहको माध्यमबाट गरिवी निवारणको लागि यूवा स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गर्ने उदेश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि फिक्कल गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद -२

## नाम, प्रारम्भ र परिभाषाः

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " यूवा स्वरोजगार संचालन कार्यविधि २०७८" रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उद्धमी" भन्नाले नाफा कमाउने उदेश्यले उद्धोग व्यवसाय संचालनला लागि जोखिम बहन गरि लगानी गर्ने व्यक्ति वा समूहलाई जनाउँछ ।

(ख) "यूवा" भन्नाले १८ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेका व्यक्तिलाई सम्झनु पर्दछ ।





(ग) "कार्यालय" भन्नाले फिक्कल गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउँदछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फिक्कल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिकालाई सम्झनुपर्दछ ।

(च) "प्रमुख" भन्नाले फिक्कल गाउँपालिकाको प्रमुख लाई सम्झनुपर्छ ।

(छ) "उप -प्रमुख" भन्नाले फिक्कल गाउँपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(ज) "कार्यक्रम" भन्नाले गाउँपालिकाले संचालन गर्ने लघु उद्धम /उद्धमशीलता विकास/रोजगारी सिर्जना गर्ने जस्ता कार्यक्रमलाई जनाउँछ ।

(झ) "गरिब" भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेका शिक्षा, स्वास्थ्यजस्ता मानव विकासका सूचकहरुका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक समूहका आधारमा राष्ट्रिय विकास प्रक्रियाको मूलप्रवाहमा समावेश हुन नसकेको व्यक्ति वा समूहलाई सम्झनु पर्छ । यस शब्दले नेपाल सरकारले गरिबीको परिचयपत्र वितरण गरेको अवस्थामा सो परिचयपत्र प्राप्त परिवारको सदस्यलाई समेत जनाउँदछ ।

(ञ) "अति गरिब" भन्नाले नेपाल सरकारले तोकेको गरिबीको रेखाभित्र पर्नेहरुमध्ये ६० प्रतिशत भन्दा कम आय भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) "सिप विकास तालिम" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्धनका लागि आवस्यक पर्ने प्राविधिक सिपमुलक तालिमलाई जनाउँदछ ।

(ठ) "उद्धम" भन्नाले जीविकोपार्जन स्वरोजगार वा आय आर्जनको लागि सिर्जनात्मक आर्थिक क्रियाकपाल, व्यवसाय वा उद्दोगलाई सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले उपदफा ७(२) बमोजिम गठित यूवा स्वरोजगार समितिलाई सम्झंनु पर्छ ।

## परिच्छेद -३

## उदेश्य, लक्षित समूह, कार्यक्रमको कार्यक्षेत्र र व्यवसायको लागि गरिने कार्यहरुः

३ कार्यविधिको उदेश्यः गाउँपालिकाले वार्षिक रुपमा लघु उद्दम विकास, उद्धमशीलता विकास र रोजगार/ स्वरोजगार सिर्जनामा विनियोजित बजेट भित्र रहि कार्यक्रम संचालन गर्नु यस कार्यविधिको उदेश्य रहेको छ ।

४ लक्षित समूहः अत्यन्त न्युन आय भएका गरिव घर परिवारका यूवा तथा मजदुर परिवारका स्वरोजगार हुन चाहने अन्य कुनै रोजगारीमा संलग्न नभएका १८-४० वर्ष उमेर पुगेका यूवा सदस्यहरु यस कार्यक्रमका लक्षित समुहमा पर्दछन जस अन्तर्गतः

(१) गरिबीको रेखामुनि रहेका नेपाली नागरिकका परिवारका सदस्यहरु यस कार्यक्रममा लक्षित समुह हुनेछन् ।





(२) अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातीहरु, एकल महिला, दुर्गम तथा सेवाको पहुँच कम पुगेका क्षेत्रहरुमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

(३) कुनै संस्था / कार्यालयमा आवद्द रहेका बाहेक दैनिक रुपमा ज्याला मजदुरी गर्ने वा ढुङ्गा, वालुवा, गिट्टी छानी जिवन निर्वाह गरिरहेका व्यक्तिहरु तथा निजका परिवारका सदस्यहरु यस कार्यक्रमको मुख्य केन्द्र विन्दुमा रहने छन् ।

(४) फिक्कल गाउँपालिकाका स्थायी वासिन्दा यसका लक्षित वर्ग हुन् ।

तर यस दफामा उल्लेख भए अनुसार १८-४० वर्षभित्रका व्यक्तिहरुका अलावा उपयुक्त व्यक्तिलाई अनुदान उपलब्ध गराउन उपयुक्त हुने देखिएमा दफा ६ बमोजिम गठित समितिको निर्णयानुसार लक्षित वर्ग तोकी अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।

५. कार्यक्रमको कार्यक्षेत्रः यस कार्यविधि वमोजिम गाउँपालिकाले देहायका क्षेत्रहरुमा केन्द्रित रही लगानीको कार्यक्रमहरु संचालन गर्नेछ ।

(क) कृषि तथा पशुपंक्षिमा आधारित उद्धम व्यवसाय

(ख) वनपैदावारमा आधारित उद्धम व्यवसाय

(ग) विज्ञान तथा सूचना प्रविधि र संचारमा आधारित उद्धम व्यवसाय

(घ) पर्यटन प्रवर्धनमा आधारित उद्धम व्यवसाय

(ङ) कलामा आधारित उद्धम व्यवसाय

(च) खाद्ध प्रशोधनमा आधारित उद्धम व्यवसाय

(छ) संस्कृति, साहित्य, सृजना गीत संगितमा आधारित उद्धम व्यवसाय

(ज) गाउँपालिकाले आवश्यकता महसुस गरि उपयुक्त ठानी छनौट गरिएका उद्धम व्यवसाय

(झ) अन्य उद्धमशील लाई पनि गाउँपालिकाले आवश्यक ठानेमा

६. **व्यवसाय विकासका लागि गरिने कार्यहरुः**

(१) उद्‌मी सिर्जनाका लागि गरिने कार्यहरु यस प्रकार छन् ।

(क) समय समयमा अनुगमन गर्ने

(ख) उद्धमशिलता विकास तालिम

(ग) सिप विकास तालिम संचालन

(घ) अनुदान प्रवाह गर्न सहयोग र सहजीकरण

(ङ) व्यवसाय विकास परामर्श तथा बजार विस्तार

(च) उपयुक्त प्रविधिमा पहुँचका लागि सहयोग र सहजीकरण

## परिच्छेद - ४

## कार्यक्रम स्थापना, कार्यक्रम संचालन

७ उद्धम विकास कार्यक्रमको स्थापनाः (१) गाउँपालिकाले यूवा स्वरोजगारको माध्यमबाट आय आर्जन तथा लघु उद्धम, घरेलु तथा साना उद्धोग विकास गर्न वार्षिक रुपमा गाउँपालिकाले निश्चित रकम विनियोजन गरि कार्यक्रम संचालन गर्नेछ ।

(२) गाउँपालिकामा यूवा स्वरोजगार कार्यक्रम संचालनका लागि देहाय बमोजिमको एक यूवा स्वरोजगार समिति रहनेछ ।

संयोजकः अध्यक्ष, गाउँपालिका

सदस्यः उपाध्यक्ष, गाउँपालिका





सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः उद्योगी व्यवसायी मध्येवाट कम्तीमा १ जना महिला सहित अध्यक्षले मनोनित गरेका २ जना सदस्य

सदस्यः प्रमुख, आर्थिक प्रशासन शाखा

सदस्यः आर्थिक विकास समितिको सयोजक

सदस्यः सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको सयोजक

सदस्यः सामाजिक विकास समितिको सयोजक

सदस्यः लेखा समितिको सयोजक

सदस्य सचिवः- प्रमुख उद्योग विकास शाखा वा गाउँपालिका अध्यक्षले तोकेको कर्मचारी

**नोटः** समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित वडाका वडा अध्यक्षहरुलाई/ विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ। समिति सदस्यहरुलाई प्रति वैठक एक हजार पाँच सय रुपैया का दरले वैठक भत्ता उपलब्ध गराईनेछ ।

८. **कोषको स्थापनाः**

गाउँपालिकाले यूवा स्वरोजगार कार्यक्रम संचालनको लागि गाउँपालिकाको संचित कोष अन्तर्गत देहाय बमोजिमका रकमहरु जम्मा गर्ने गरी एक " युवा स्वरोजगार कोष" स्थापना गर्न पनि सकिनेछ। यस कोषमा तपसिल बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) संघीय सरकार र प्रदेश सरकारबाट लघु उद्धम, घरेलु तथा साना उद्योग र उद्मशीलता विकाससँग सम्बन्धित कार्यक्रमका लागि प्राप्त रकम,

(ख) विकास साझेदारहरुबाट प्राप्त रकम

(ग) गाउँपालिकाले यूवा स्वरोजगार कार्यक्रम संचालनको लागि विनियोजन गरेको रकम

(घ) यूवा स्वरोजगारका लागि सामुदायिक संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त रकम

(ङ) अन्य श्रोतबाट प्राप्त रकमहरु

३. कोषको संचालन स्वीकृत कार्यविधि वमोजिम हुनेछ। तर कार्यविधि स्वीकृत नभए सम्म कोषको छुट्टै खाता संचालन नहुन्जेल सम्म गाउँपालिकाको खर्च खाताबाटै कार्यक्रम संचालन हुनेछ।

९. युवा स्वरोजगार कार्यक्रमको संचालनः युवा स्वरोजगार कार्यक्रममा विनियोजित भएको रकम वा कोषमा जम्मा भएको रकम समितिको स्वीकृतले रोजगारी सिर्जना, गरिबी निवारण, आय आर्जन, उद्धम र उद्धमशिलताको विकास कार्यक्रम सग सम्बन्धित तालिम कार्यक्रम बाहेक अन्य कार्यक्रममा खर्च चगर्न पाईने छैन। तर स्वीकृत रकमको ५ प्रतिशतमा नबढाइ प्रशासनिक खर्च छुट्याउन सकिनेछ।

## परिच्छेद -५

## काम, कर्तव्य र अधिकारः

**१०. युवा स्वरोजगार समितिको काम, कर्तव्य र अधिकारः**

(१) युवा स्वरोजगार कार्यक्रम संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेको कार्यक्रम बमोजिम युवा स्वरोजगारको लागि रकम खर्च गर्ने व्यवस्था





(ख) गाउँपालिका भित्र रहेका अत्यन्त न्युन आय भएका घरपरिवार तथा मजदुर घरपरिवार यूवालाई व्यवसाय संचालनको लागि आकर्षित गर्ने।

(ग) बुदा नं. (ख) बमोजिमका व्यक्ति वा परिवारहरुलाई उद्धमीका रुपमा विकास गर्नका लागि आवश्यक सिप तथा तालिमको पहिचान गर्ने र उपलब्ध रकमको परिधिभित्र रही गाउँपालिकाबाट चालु आ.व. मा प्रदान गरिने सिप विकास तथा तालिमको यकिन गर्ने।

(घ) बुदा नं. (ग) वमोजिमको सिप विकास तथा तालिमको लागि वुदा नं. (ख) वमोजिमका व्यक्ति वा परिवारहरुबाट आवेदन माग गर्ने।

(ङ) बुदा नं. (घ) अनुसार पर्न आएका आवेदन उपर छानविन गरि गरिव र अति गरिब पहिचान गर्ने र सिप विकास तथा तालिमको लागि छनौट गर्ने।

(च) आफ्नो कार्यक्षेत्रभित्रका लघु उद्दम विकासमा काम गर्ने सरकारी, गैर सरकारी, निजि क्षेत्र, विकास साझेदार नागरिक समाजका संघसंस्थाहरुसँग कार्यगत सम्बन्ध स्थापित गरी अनुकुल वातावरण तयार गर्ने।

(छ) लघु उद्दमीका उत्पादहरुलाई बजार सुनिश्चित गर्न सम्बद्द निजीक्षेत्रका संघ संस्थाहरुसँग अन्तरक्रिया, छलफल र परामर्श गर्ने।

(ज) लघु उद्दमीका उत्पादहरुलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्नो कार्यक्षेत्र निकटमा रहेका वित्तीय संस्थाहरुको पहिचान गरि उद्दमीहरुसँग सम्बन्ध स्थापित गराउने।

(झ) कार्यक्रम संचालन गर्ने युवा विकास सहजकर्ता र अन्य क्षेत्रका सामाजिक परिचालकहरु बिच कार्यगत सम्बन्ध स्थापित गराउने ।

(ञ) युवा स्वरोजगार विकास सम्बन्धी संभावनाहरु खोजी गरि कार्यक्रम तर्जुमा गर्ने ।

(ट) गाउँ उद्धम विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न उद्धोग शाखा, मेडेप र अन्य सम्बद्द संघ संस्थाहरुसँग समन्वय स्थापित गर्ने ।

(ठ) स्थानीय श्रोत साधनको अधिकतम उपयोग गर्न स्वरोजगार सिर्जनाका लागि चेतना फेलाउने

(ड) वडास्तरमा अति गरिव र समावेशि युवालाई स्वरोजगार बनाई विकासका लागि स्थानीय समुदायलाई परिचालन गर्ने ।

(ढ) स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्न सम्भावित वडा तथा वस्तीहरुको छनौट गर्ने ।

(ण) लघु उद्धमी समूहहरुको संस्थागत क्षमता अभिवृदि गर्न सहयोग गर्ने ।

(त) कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति तथा मापदण्ड बनाउने ।

(थ) माथिका उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने युवा उमेर समुहका अन्य कुनै नोकरीमा संलग्न नभएका युवाहरुलाई पनि व्यवसाय संचालनको लागि आवेदन दिन सक्नेछ ।





## परिच्छेद -६

## सूचना प्रकाशन, पहिचान र छनौट गर्ने समुह निर्माण र अनुदान सहजिकरण

**११. युवा छनौटको लागि सूचना प्रकासन गर्नेः**

(१) युवा स्वरोजगार कार्यक्रम संयोजन समितिले उद्दम व्यवसाय संचालन गर्न ईच्छुक व्यक्ति वा समुहबाट अनुसूचि - १ बमोजिमको ढाँचामा आवेदन आह्वान गर्नेछ ।

आवेदनका साथमा निज समुह सदस्यहरु वडाको स्थायी वासिन्दा भएको वडाको सिफारिस समेत पेश गर्नु पर्नेछ, तर यसरी सिफारिस उपलब्ध गराउँदा सिफारिस वापतको रकम उपलब्ध गराउन पाईने छैन ।

**१२. युवा स्वरोजगारका लागि उद्धमी पहिचान र छनौट गर्नेः**

(१) युवा स्वरोजगार कार्यक्रम संयोजन समितिले सम्भआव्य युवाहरुको निवेदन उपर प्रारम्भिक अनुसन्धान गरि दफा ४ बमोजिमका लक्षित समुहका सदस्यहरुलाई छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य युवा पहिचान गर्दा कार्यक्रमको उदेश्य बमोजिम अति गरिव, पिछडिएका महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग, सीमान्तकृत तथा सुविधाविहिन समुहको अनुपातलाई ध्यान दिनु पर्दछ । यस क्रममा सम्बन्धित वडाको सिफारिस समेत लिन सक्नेछ ।

(३) युवा प्रतिको धारणा, प्रतिवद्दताको स्तर, उपयुक्त उमेर, जोखिम बहन गर्ने सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्दमको लागि दिने समय, गतिशिलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरुलाई समेत सम्भाव्य उद्धमी पहिचान प्रकृयामा उचित महत्व दिनु पर्दछ ।

(४) सम्भाव्य व्यवसायीहरुको पहिचान गरेपचि सो को विवरण तयार पारि युवा स्वरोजगार समितिले यस कार्यक्रमका सम्भाव्य उद्धमीको अन्तिम छनौट गर्नु पर्दछ ।

(५) उद्धमी छनौट गर्दा समुह निर्माण भै आएमा त्यस्ता समुहलाई प्रथम प्राथमिकता दिनु पर्ने छ । समुहमा यस कार्यविधि बमोजिम योग्य भएमा कम्तिमा ३ जना र वढिमा ७ जना सम्म व्यक्तिहरु रहन सक्नेछन्

१३. **समुह निर्माण गर्नेः**

(१) सम्भाव्य उद्दमी पहिचान भै सकेपछि समुह भै नआएका उद्दमीहरुलाई कार्यक्रमको उदेश्य, सहभागीको रुची, क्षमता, आवस्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता लगायतका पक्षहरुमा ध्यान दिई समितिले विभिन्न समुहमा आवद्द हुन सहभागीहरुलाई अभिमुखिकरण गर्नु पर्नेछ ।

(२) समुह निर्माण गर्दा समुह परिचालन, समुह सदस्य संख्या, समुहका सदस्यहरु आवद्द रहेको समुदाय, भौगोलिक समुहमा आवद्द गर्न नसकेमा व्यवसाय वा उद्दमको प्रकृति अनुसार एकल रुपमा पनि व्यवसाय गर्न उद्दमी छनौट गर्न सकिनेछ ।

१४. तालिम प्रदान गर्नेः समितिबाट छनौट भई समुह निर्माण भए पश्चात कार्यक्रमबाट आवश्यकता भै आएमा निम्न अनुसारको तालिम उपलब्ध गराईनेछ ।

(क) युवा विकास तालिमः

(१) गाउँपालिकाले समितिको सिफारिसमा सम्भाव्य युवाहरुलाई तालिम स्थलमा विभिन्न समुहमा उपस्थित गराई सात दिनको उद्दम विकास सम्बन्धि तालिम दिनुपर्नेछ ।





(२) उद्दमशिलता विकास तालिमको पाठ्यक्रममा मूलतः लघु उद्दम सिर्जना तथा विकास (MECD) आफ्नो व्यवसाय सुरु तथा सुधार गरौँ (Start and improve your business (SIYB),Training of potential Entreprenuer(TOPE), Training of Start up Enterprenuer (TOSE ),Training of Existing Enterprenuer (TOEE ),Training of Growing Enterprenue (TOGE) जस्ता विषयहरु समावेश हुनेछन ।

(ख) सिप विकास तालिम संचालन गर्नेः

(१) गाउँपालिकाले युवाहरुलाई विकास तालिम लिएका सहभागीहरु मध्ये सम्भावित व्यवसाय छनौटका आधारमा विभिन्न समूहमा आवद्द गरि सिप विकास तालिम संचालन गर्नुपर्नेछ ।

(२) उद्धमशीलता विकास तालिमका सहभागीहरुलाई नरगपालिकाले कामको प्रकृतिको आधारमा साधारणतया ७ दिनदेखि ३ महिनासम्मको तालिममा सहभागी गराउनेछ । तालिम संचालन तथा रकम खर्च सम्बन्धमा समितिबाट निर्णय भए बमोजिम हुनेछ ।

१५. अनुदानका लागि सहजीकरण गर्नेः गाउँपालिकाले लघु उद्दम संचालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने छ । जस अन्तर्गतः

(क) अति विपन्न युवा जसको आफ्नो घरमा उद्दम व्यवसाय संचालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्धमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्धम संचालनमा

सहजिकरण गर्ने, उद्दम संचालनका लागि उपकरणको व्यवस्था गरिदिने ।

(ख) सम्भाव्य लघु उद्दमी युवाहरु जसको आफ्नै थोरै पुँजी छ र त्यसबाटै लगु उद्दम संचालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्दमीहरुको पहिचान गरी उद्धम स्थापनाका लागि सहजीकरण गर्ने, सचालनका लागि उपकरणको व्यवस्थापन गरिदिने ।

(ग) सम्भाव्य लघु उद्दमी युबाहरु जसलाई अनुदानको आवश्यकता छ भने त्यस्ता लघु उद्दमीहरुको पहिचान गरि यस कार्यक्रम को रकमबाट अनुदान उपलब्ध गराउने तथा स्थानीय स्तरमा संचालित सहकारी, बैक तथा लगु वित्त संस्थाहरुसग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठि मार्फत सम्बन्धित उद्दमी र वित्तीय संस्था बीच अन्तर्क्रिया गराई थप अनुदानको पहुँचमा सुनिश्चितता गर्ने ।

## परिच्छेद –७

## प्रविधि हस्तान्तरण र सहजीकरण, अनुदान व्यवस्थाः

१६. उपयुक्त प्रविधिमा पहुँचको लागि प्रविधि हस्तान्तरण र सहजीकरणः;

गाउँपालिकाले तालिम लिई उद्धमी बन्न योग्य युवाहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविवधि पहिचान गरि युवाहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्नुपर्नेछ। साथै प्राविधिक सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नु पर्नेछ ।

१७. अनुदान सम्बन्धि व्यवस्थाः युवा उद्धमी व्यवसायी वा समूह सदस्यको रुची, लगानीको क्षमता, विगतका काम प्रतिको लगाव, ईमान्दारिता तथा





जमानीको प्रकृतिका आधारमा समितिको निर्णायानुसार देहाय बमोजिम सहयोग, अनुदान उपलब्ध गराईनेछ ।

(क) तालिम संचालन गाउँपालिकाबाट आयोजना गरिने छ र अगाडी नै तालिम लिएको प्रमाण पेश गर्नु पर्ने ।

(ख) मेशीनरी औजार तथा पूँजिगत खर्चका हकमा प्रतिव्यक्ति रु. ५०,०००।- (पचास हजार रुपैयामा) नबढ्ने गरि बढीमा रु. ५ लाख सम्म अनुदान उपलब्ध गराईनेछ ।

(ग) कच्चा पदार्थ खरिदका लागि प्रति समुह बढिमा रु. १०००००।- (एक लाख रुपैया) सम्म अनुदान उपलब्द गराईनेछ

(घ) समितिको बैठकको निर्णयका अधारमा रु२५००० देखि ५००००० सम्मको अनुदानको प्रवन्ध मिलाइने छ ।

## परिच्छेद –८

## व्यवसाय विक्रि गर्न नपाईने, कोषको संचालन, सम्झौता रकम

१८. उद्दम व्यवसाय विक्रि गर्न नपाईनेः

यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरि संचालन भएको उद्धम व्यावसाय वा त्यही प्रयोग भएको पुँजिगत सामग्री वा मेशिनरी औजार यस कार्यविधि बमोजिम २ वर्ष सम्म विक्री वितरण गर्न पाईने छैन। तर यस दफाले उद्दम व्यवसायमा उत्पादन भएका सामग्री विक्री वितरण गर्न रोक लगाएको मानिने छैन ।

१९ कोषको व्यवस्था तथा संचालनः

(क) गाउँपालिकाले यूवा स्वरोजगार कार्यक्रमका लागि छुट्टै कोषको व्यवस्था गर्न सक्नेछ ।

(ख) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत एवं लेखा शाखाको कर्मचारीबाट हुनेछ

(ग) कोषको आम्दानी तथा खर्चका सम्बन्धमा छुट्टै रुपमा लेखा तथा विवरण अध्धावधिक गरि राख्नु पर्नेछ ।

(घ) कोषको रकम समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

२०. **सम्भौता गर्नुपर्नेः**

छनौट भएका उद्मी युवा, व्यवसायी समुह र गाउँपालिका वीच सम्भौता गरिनेछ । सम्भौतामा प्रथम पक्षमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले र दोश्रो पक्षमा समुह सदस्यहरुले हस्ताक्षर गर्नु पर्नेछ ।

## परिच्छेद -९

## व्यवसाय संचालन गर्न नसक्ने, अभिलेख,व्यवसाय विकास र बजार व्यवस्थापनः

२१. **व्यवसाय संचालन गर्न नसक्ने भएमा निवेदन दिनु पर्नेः**

कुनै दैवी विपत्ति परी वा कावु वाहिरको परिस्थितिका कारण यूवा उद्मी व्यवसायीले यस कार्यविधि बमोजिम संचालन गरेको उद्म व्यवसाय संचालन गर्न नसक्ने अवस्था सृजना भएमा निजले सो सवै कुरा खुलाई समिति समक्ष निवेदन पेस गर्नु पर्नेछ । यसरी निवेदन पेश भएमा समितिले कुनै कर्मचारीलाई पँजिगत सम्पति वा मेशिनरी औजारको मूल्याङ्कन गर्न लगाउने छ र यसरी मूल्याङकन गर्दा आफ्नो नियन्त्रणमा राखि बढि भएको सामग्री सम्बन्धित व्यक्तिलाई नै फिर्ता दिनु पर्नेछ ।





२२. **अभिलेख राखिनेः**

यस कार्यविधि बमोजिम ऋण लिएर समय भित्र चुक्ता नगर्ने वा शुरु गरेको उद्म व्यवसाय संचालन नगरी अन्यन्त्र जाने वा विना स्वीकृती उद्म व्यवसाय परिवर्तन गर्ने व्यक्तिको नाम गाउँपालिकाले छुट्टै अभिलेखमा राख्ने छ र सो को जानकारी सवै वडा कार्यालयहरु तथा गाउँपालिका कार्यालयहरुमा समेत गराईनेछ । यस्तो अभिलेखमा नाम समावेश भएका व्यक्ति निजको एकाघर परिवार सदस्यहरुलाई भविष्यमा कुनै पनि प्रकारको सहयोग र सिफारिस उपलब्ध हुने छैन

२३. **व्यवसाया विकास परामर्श तथा बजार विस्तारः**

यस कार्यक्रम संचालन भए पश्चात गाउँपालिकाले यूवा उद्धमीहरुबाट उत्पादित वस्तुहरुको सरल र सहज विक्री व्यवस्थाको लागि बजारीकरण संजाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद -१०

## अनुगमन तथा मूल्याङकन, उजुरी गुनासो र लागत सहभागिताः

२४. अनुगमन र मूल्याङकनः

(१) यस कार्यक्रमलाई प्रभावकारी र नजितामुखी बनाउन देहाय बमोजिमको एक **अनुगमन तथा मूल्याङकन समिति रहनेछ ।**

| | |
|---|---|
| संयोजकः | गाउँपालिका अध्यक्ष |
| सदस्यः | उपाध्यक्ष |
| सदस्यः | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्यः | गाउँपालिका क्षेत्रभित्र रहेका उद्दोग, कृषि वा पशु सेवा कार्यालयहरु मध्येबाट १ जना |

सदस्य सचिवः उद्योग विकास शाखा प्रमुख वा अधिकृत स्तरको कर्मचारी ।

समितिले आवश्यकता अनुसार यूवा व्यवसायी समुहबाट प्रतिनिधित्व गराउन सक्नेछ ।

(२) कार्यक्रम संचालन गर्ने सबै युवा उद्दमीले आवधिक (चौमासिक / वार्षिक) प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) कार्यक्रमका प्रगतिहरुलाई अनिवार्य रुपमा अध्यावधिक गर्नुपर्नेछ ।

(४) अनुगमन समितिका सदस्यहरुलाई प्रति व्यक्ति प्रति अनुगमन रु. १०००।- (एक हजार) का दरले अगुगमन भत्ता उपलब्ध गराईनेछ ।

२५. उजुरी र गुनासो व्यवस्थापन प्रक्रियाः

(१) कार्यक्रम सम्बन्धी कुनै गुनासो पर्न आएमा सोको व्यवस्थापन र सुधारको लागि तत्सम्बन्धी निर्णय गरी कार्यान्वयन गर्ने जिम्मेवारी यूवा स्वरोजगार संचालन समितिको हुनेछ ।

(२) उजुरी लिनको लागि उजुरी पेटीका (Complain Box) र विधुतीय माद्यम लगायतका अन्य माध्यम प्रयोग गर्न सकिने छ ।

(३) प्राप्त उजुरी र गुनासोको अभिलेख राखी त्यसको सम्बोधन गर्न लिनु पर्ने कदमको सिफारिस सहितको प्रतिवेदन पेस गर्ने तथा निर्णयको कार्यान्वयन गर्ने जिम्मेवारी उद्धम विकास कार्यक्रम संयोजक समितिको र समितिको सदस्य सचिवको हुनेछ ।

२६. **लागत सहभागिता (Cost Sharing) लाई बढवा दिनेः**

(१) युवा स्वरोजगार अभियानलाई आत्मनिर्भर बनाउन उद्धम कार्यक्रम संयोजक लागत सहभागितालाई बढावा दिने नीति अबलम्वन गर्नेछ ।





(२) साझा सुविधा केन्द्र संचालन, एडभान्स तालिम, प्रविधि हस्तान्तरण, प्राविधिक र परामर्श सेवा लगायतका व्यवसायिक सेवा र तालिम लागत सहभागिताको आधारमा संचालन गर्न सकिनेछ ।

## परिच्छेदः ११

## विविधः

२७ खर्चका मापदण्डहरुः यस कार्यविधिको कार्य प्रयोजनका लागि खर्चका मापदण्डहरु गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

२८ वित्तीय संस्था मार्फत कार्य गराउन सक्नेः समितिको सिफारिसमा गाउँकार्यपालिकाले निश्चित प्रक्रिया र मापदण्ड तोकी यस कार्यविधि बमोजिमको अनुदान प्रदान गर्ने ।

२९ व्यवसाय दर्ता गर्नु पर्नेः यस कार्यविधि बमोजिम व्यवसाय शुरु गरेपछि अनिवार्य रुपमा गाउँपालिका तथा सम्बन्द्द निकायमा व्यवसाय दर्ता गर्नु पर्नेछ ।

३० साझेदारी गर्न सक्नेः यस कर्यक्रममा गाउँपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गरी रहेको अन्य सरकारी र गैरसरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न चाहेमा समितिको स्वीकृतीमा तालिम संचालन, अनुदान सहकार्य गर्न सक्नेछ ।

३१ सहयोग गर्नु पर्नेः यस कार्यविधि बमोजिम यूवा स्वरोजगार संचालान कार्यक्रममा आवश्यक सहयोग गर्नु सवैको कर्तव्य हुनेछ ।

३२ व्याख्या गर्ने अधिकारः यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भई व्याख्या गर्नु पर्ने भएमा गाउँ कार्यपालिकाले अन्तिम व्याख्या गर्नेछ ।

३३ कार्यविधि संशोधन गर्न सक्नेः गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधिमा संशोदन गर्न सक्नेछ ।

३४ वाधा अड्काउ फुकाउनेः यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा संशोधन वा बाधा अड्काउ फुकाउनु परेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।





**अनुसूची -१**

**बुदा नं. ११ को उपदफा २ संग सम्बन्धित**

## युवा व्यवसायीले दिईने निवेदनको ढाँचा

................................ मितिः

गाउँपालिका

**विषयः व्यावसायिक उद्यम वा व्यवसाय संचालनको लागि निवेदन पेश गरेको सम्बन्धमा ।**

उपयुक्त सम्बन्धमा म / हामी तपसिलका व्यक्तिहरुले ...................जिल्लाको...............निर्वाचन क्षेत्र....................गाउँपालिका अन्तर्गतको.....................वडा नं............................मा व्यवसाय संचालन गर्न चाहेको हुनाले प्रविधि र व्यवसायिक (उद्धमको नाम) देहायको व्यवसायिक क्षेत्रमा संचालन गर्न ऋण सहयोग पाउँ भनी निर्देशिकाले निर्धआरित गरेको शर्तहरुमा मन्जुर गरी तपसिल अनुसारको विवरण सहितको आवस्यक काजगात राखी यो निवेदन पेस गरेको छु ।

**संस्थागत विवरणः**

१) उद्दमीं समुहको नामः

२) समुहको ठेगानाः जिल्ला................................नगरपालिका...................वडा नं.............

३) सम्पर्क व्यक्तिको नामः....................... पदः....................................ठेगाना.................

सम्पर्क नं................................समुह अध्यक्षको नाम....................समुह उद्दमीको छाप............

४) लागत अनुमानः..........................................

५) निवेदक उद्दम समूहका सदस्यहरुको विवरणः

युवा स्वरोजगार संचालन कार्यविधि, २०७६ मा भएको व्यवस्था सम्बन्धमा पूर्ण सहमत छ /छौ अन्यथा भएको खण्डमा कानून बमोजिम सहने छ /छौ ।

नाम थरः हस्ताक्षर

## अनुसूची २

### व्यवसायिक उद्दम गर्न सकिने व्यवसायिक क्षेत्रहरुः

१. कृषि तथा पशुपंक्षिमा आधारित उद्दम व्यवसायः तरकारी खेती, फलफुल खेती, अन्य उत्पादन ।

माछा पालन, हाँस, कुखुरा, बटटाई, खरायो, बाख्रा, गाई, भैसी, भेडा, च्याङ्ग्रा, चौरी, अकवरे ।

अम्रिसो, अदुवा, लसुन, खोर्सानी, दुध, डेरी र दुधबाट बनेका परिकार, रेशम खेती र उत्पादन भएका सामग्रीहरु, किवी खेती, विउ विजन उत्पादन तथा प्रशोधन आदी ।

२. वन पैदावारमा आदारित उद्धम व्यवसायः फर्निचर, काठका सामग्रीहरु, क्यरीयो, अलैची, औषधीका लागि कच्चा सामग्रीहरु उत्पादन, चिराईतो, सामुदायिक वन ।

३. विज्ञान तथा सुचना प्रविधिमा आधारित उद्धम व्यवसायः विज्ञानका आविश्कारहरु, आईसिटी सम्बन्धी व्यवसायहरु, मोबाईल, रेडियो, टिभि मर्मत तथा विक्रि केन्द्र फोटो तथा सुटीङ स्टुडियो, फोटोग्राफी, रेडियोग्राफी, भाषा प्रशिक्षण, भाषा रुपान्तरण, ट्यूसन कोचिङ कक्षाहरु ।

४. पर्यटन प्रवर्धनमा आधारित उद्दम व्यवसायः भाषा प्रशिक्षण, होटल व्यवसाय, क्यारियोसमान, निर्माण र विक्षि, होमस्टे रिसोर्ट, टुरिष्ट गाईड ।

५. निर्माणमा आधारित उद्धम व्यवसायः फलाम, काठ, माटो, ढुङ्गा, ईट्टा, टायल, सिमेन्ट वेतवसा, तारजाली, छाला आदिका उद्दोगहरु र त्यसबाट बनेका सामग्रीहरु, हस्तकला, चित्रकला, मुर्तिकला, हाउस वायरिङ,रङरोगन, गोवरग्यास, उन्नत चुलो, डकर्मी पेशा, सिकर्मी पेशा, क्रशर उद्दोग ।

६. कलामा आधारित उद्दम व्यवसायः ढाका, मखमल, सुती उन आदिका कपडा बुन्ने वेतवास तथा परालजन्य सामग्री, डोको नाम्लो, मानाद्रो, सुकुल, गुन्द्री,





गलैचा आदि बनाउने कपडा सिलाई बुनाई, वुटिक फेसन डिजाईन, व्युटि पार्लर, हेयरकटिङ, मेहन्दी, चुरापोते, सजावटका सामग्री, खेलौना, धुम, मैनवत्ती गर गहना पेन्टिङ आदी ।

७. संस्कृति, साहित्य, सृजना, गित संगितमा आधारित उद्दम व्यवसायः साँस्कृतिक परम्परागत नृत्य, वाद्ध वाधन, कविता, कथा, निवन्ध, गायन, गीत रचना, वाद्धवाधन, नृत्य संगीत आदी ।

८. खाद्द प्रशोधनमा आधारित उद्दम व्यवसायः अचारहरु, गुन्द्रुक, मस्यौरा, सुकुटी (स्याउ, माछा, मासु, मुला, करेला आदि) सिस्नो, चिया (तुलसी, ग्रिनटी आदी) दालमोठ, चिंप्स, जुस तथा पेय पदार्थहरु ।

आज्ञाले

**राजुप्रसाद न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत

**फिक्कल गाउँपालिका यूवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि,२०७८,**
**मूल्य रु. १०/-**